**स्थानीय राजपत्र**

केरावारी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ८, संख्या ४,  २ जेष्ठ २०८१

भाग-२

# केराबारी गाउँपालिकाको शिक्षक दरबन्दी मिलान तथा विद्यालय समायोजन सम्बन्धी कार्यविधि-२०८१

**स्वीकृत मिति:२०८१।०१।२८**

**प्रमाणिकरण मितिः२०८१।०२।०१**

**प्रस्तावनाः** केराबारी गाउँपालिकाक्षेत्र भित्र सञ्चालित सम्पूर्ण सामुदायिक विद्यालयहरुमा उपयुक्त र न्यायोचित ढंगलेशिक्षक

व्यवस्थापन गर्न साथै आवश्यकता र औचित्यतता समेतलाई ध्यानमा राखी अत्यन्त न्यून विद्यार्थी संख्या भएका तथा भौगोलिक रुपमा एक आपसमा नजिक रहेका विद्यालयहरुको कक्षा वा तह घटाउन/एक आपसमा समायोजन गरी गाउँपालिकाको समग्र शैक्षिक उन्नयनमा टेवा पुर्याउने उद्देश्यले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(ज) को ११ र १२ तथा केराबारी गाउँपालिकाको शिक्षा ऐन २०७५ को खण्ड (ख) को दफा (३३) ले दिएको अधिकार प्रयोग गरी केराबारी गाउँकार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम, बिस्तार र प्रारम्भः**

क. यो कार्यविधिको नाम **"केराबारी गाउँपालिकाको शिक्षक दरबन्दी मिलान तथा विद्यालय समायोजन सम्बन्धी कार्यविधि-२०८१"** रहेको छ ।

ख. यो कार्यविधि केराबारी गाउँपालिका क्षेत्रभित्र लागू हुनेछ ।

ग. यो कार्यविधि गाउँकार्यपालिकाबाट स्वीकृत भएपछि लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

क. "गाउँपालिका" भन्नाले केराबारी गाउँपालिका, मोरङलाई सम्झनुपर्छ ।

ख. "कार्यपालिका" भन्नाले केराबारी गाउँपालिकाको कार्यपालिकालाई सम्झनुपर्छ ।

ग. "शिक्षा समिति" भन्नाले केराबारी गाउँपालिकाको गाउँ शिक्षा समितिलाई सम्झनुपर्छ ।

घ. "वडा शिक्षा समिति" भन्नाले केराबारी गाउँपालिकाको शिक्षा ऐन, २०७५ बमोजिम गठित वडा शिक्षा समितिलाई सम्झनुपर्छ ।

ङ. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले केराबारी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

च. "शिक्षा शाखा" भन्नाले गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखालाई सम्झनुपर्छ ।

छ. "शिक्षा अधिकृत" भन्नाले गाउँपालिकको शिक्षा, युवा तथा खेलकुद शाखाको अधिकृत कर्मचारीलाई सम्झनुपर्छ र सो शब्दले शिक्षा शाखा प्रमुखलाई समेत जनाउँछ ।

ज. "शिक्षा ऐन" भन्नाले केराबारी गाउँपालिकाको शिक्षा ऐन (संशोधन सहित) २०७५ लाई सम्झनुपर्छ ।

झ. "विद्यालय" भन्नाले गाउँपालिका क्षेत्रभित्र सञ्चालित सामुदायिक विद्यालयहरुलाई सम्झनुपर्छ ।

ञ. "शिक्षक" भन्नाले विद्यालयको अध्यापक सम्झनुपर्छ र सो शब्दले विद्यालयको प्रधानाध्यापकलाई समेत जनाउँछ ।

ट. "व्यवस्थापन समिति" भन्नाले विद्यालय व्यवस्थापन समितिलाई सम्झनुपर्छ ।

ठ. "शिक्षक दरबन्दी" भन्नाले नेपाल सरकारबाट स्वीकृत दरबन्दी र राहत अनुदान कोटालाई सम्झनुपर्छ र सो शब्दले शिक्षण सहयोग अनुदान र गाउँपालिकाको शिक्षक अनुदान कोटा समेतलाई जनाउँछ ।

ड. "विद्यालय कर्मचारी" भन्नाले सामुदायिक विद्यालयमा कार्यरत विद्यालय सहायक र विद्यालय सहयोगीलाई सम्झनुपर्छ ।

ढ. "पहाडी क्षेत्रका विद्यालय" भन्नाले वडा नं. १,२,३ र ४ का श्री कुवापानी आधारभूत विद्यालय बाहेकका सम्पूर्ण विद्यालयहरुलाई सम्झनुपर्छ ।

ण. "तराई क्षेत्रका विद्यालय" भन्नाले वडा नं. ५, ६, ७, ८, ९ र १० सम्पूर्ण विद्यालयहरुको साथै वडा नं. ३ को श्री कुवापानी आधारभूत विद्यालयलाई समेत सम्झनुपर्छ ।

त. "कार्यदल" भन्नाले अनुसूची (२) बमोजिमको शिक्षक दरबन्दी मिलान कार्यदल सम्झनुपर्छ ।

## परिच्छेद-२
## शिक्षक दरबन्दी मिलान सम्बन्धी व्यवस्था

**३. विवरण अद्यावधिक गर्नुपर्नेः** शिक्षा शाखाले सम्पूर्ण सामुदायिक विद्यालय तथा विद्यालयहरुमा सञ्चालित कक्षा र तह,

विद्यालयगत शिक्षक दरबन्दी र विद्यालयगत तथा कक्षागत विद्यार्थी सङ्ख्या अद्यावधिक/एकिन गर्नुपर्नेछ ।

४. (१) **विद्यालयमा शिक्षक दरबन्दी निर्धारणको आधारः** विद्यालयमा देहायको आधारमा शिक्षक दरबन्दी निर्धारण गरिनेछः-

क. कक्षागत विद्यार्थी सङ्ख्या केराबारीगाउँपालिकाको शिक्षा ऐन २०७५ बमोजिम तराई क्षेत्रमा ४० र पहाडी क्षेत्रमा ३० लाई आधार मानिनेछ ।

ख. कक्षा १-३ सञ्चालित विद्यालयको लागि सामान्यतया न्यूनतम २ शिक्षक दरबन्दी कायम गरिने तर विद्यालयको कुल विद्यार्थी सङ्ख्या १५ जना वा सो भन्दा कम भएमा १ शिक्षक दरबन्दी कायम गरिने । पहाडी क्षेत्रमा विद्यालयको कुल विद्यार्थी सङ्ख्या ४६ देखि ७५ सम्म भए ३, ७६ देखि १०५ सम्म भए ४ र १०६ भन्दा बढी विद्यार्थी भएमा ५ शिक्षक दरबन्दी कायम गरिने । तराई क्षेत्रमा विद्यालयको कुल विद्यार्थी सङ्ख्या ५६ देखि ९५ सम्म भए ३,९६ देखि १३५ सम्म भए ४ र १३६ भन्दा बढी विद्यार्थी भएमा ५ शिक्षक दरबन्दी कायम गरिने ।

ग. कक्षा १-५ (सबै विद्यालय) को लागि सामान्यतया न्यूनतम ३ शिक्षक दरबन्दी कायम गरिने तर कुल विद्यार्थी सङ्ख्या ३० जना वा सो भन्दा कम भएमा २ शिक्षक दरबन्दी कायम गरिने ।पहाडी क्षेत्रमा कुल विद्यार्थी सङ्ख्या ६१ देखि ९० सम्म भए ४, ९१ देखि १२० सम्म भए ५, १२१ देखि १५० सम्म भए ६ र १५१ भन्दा बढी विद्यार्थी भएमा ७ शिक्षक दरबन्दी कायम गरिने । तराई क्षेत्रमा कुल विद्यार्थी सङ्ख्या ७१ देखि ११० सम्म भए ४, १११ देखि १५० सम्म भए ५, १५१ देखि १९० सम्म भए ६ र १९१ भन्दा बढी विद्यार्थी भएमा ७ शिक्षक दरबन्दी कायम गरिने ।

घ. १-६ चलेको विद्यालयको हकमा कक्षा १ देखि कक्षा ५ सम्म १-५ को आधार र कक्षा ६ को लागि थप १ शिक्षक दरबन्दी कायम गरिने ।

ङ. कक्षा ६-८ को लागिन्यूनतम ४ शिक्षक दरबन्दी कायम गरिने ।कुल विद्यार्थी सङ्ख्या १२१ वा सो भन्दा भन्दा बढी भएमा पहाडी क्षेत्रमा थप ३० जना विद्यार्थी बराबर एक शिक्षक दरबन्दी थप गर्दै जाने र तराई क्षेत्रमा थप

४० जना विद्यार्थी बराबर एक शिक्षक दरबन्दी थप गर्दै जाने ।

च. कक्षा ९-१० को लागिन्यूनतम ५ शिक्षक दरबन्दी कायम गरिने । कुल विद्यार्थी सङ्ख्या ८१ वा सो भन्दा भन्दा बढी भएमा पहाडी क्षेत्रमा थप ३० जना विद्यार्थी बराबर एक शिक्षक दरबन्दी थप गर्दै जाने र तराई क्षेत्रमा थप ४० जना विद्यार्थी बराबर एक शिक्षक दरबन्दी थप गर्दै जाने ।

छ. कक्षा ११-१२ को साधारण धार (शिक्षा, मानविकी र व्यवस्थापन) को लागि न्यूनतम २ शिक्षक र एक भन्दा बढी कार्यक्रमको लागि थप १ शिक्षक दरबन्दी कायम गर्दै जाने । विज्ञान विषय सञ्चालित विद्यालय भए थप १ शिक्षक दरबन्दी कायम गरिने ।

ज. प्राथमिक तहमा आवश्यक सङ्ख्यामा शिक्षक दरबन्दी कायम गरेपश्चात विद्यार्थी सङ्ख्याको आधारमा शिक्षक दरबन्दी बढी हुन गएमा मात्र प्राथमिक तहको शिक्षक दरबन्दी अन्य माथिल्लो तहमा गणना गरी मिलान गर्ने ।

झ. प्रत्येक विद्यालयमा सबै तहको लागि न्यूनतम दरबन्दी बराबरको शिक्षक सङ्ख्या गणना गरे पश्चात शिक्षक दरबन्दी बढी हुन गएमा मात्र बढी हुन गएको शिक्षक दरबन्दी अन्य विद्यालयहरुमा स्थानान्तरण गर्ने ।

ञ. शिक्षक दरबन्दी मिलान गर्दानयाँ शैक्षिक वर्षको लागिगत शैक्षिक वर्षको विद्यार्थी संख्यालाई आधार मान्ने र यस प्रयोजनको लागि बालविकास केन्द्रको विद्यार्थी सङ्ख्या र बालविकास शिक्षक दुवैको गणना नगर्ने।

## परिच्छेद-३
## शिक्षक र विद्यालय कर्मचारीको व्यवस्थापन

**५. (१) शिक्षक दरबन्दी मिलान तथा विद्यालय समायोजन पश्चात शिक्षक तथा विद्यालय कर्मचारीको व्यवस्थापन देहाय बमोजिम गरिनेछ :-**

क. कुनै विद्यालयको शिक्षक दरबन्दी कटौति भई अन्य विद्यालयमा दरबन्दी स्थानान्तरण गर्नुपरेमा दरबन्दी मिलानबाट सबैभन्दा बढी सङ्ख्यामा शिक्षक आवश्यक भएको विद्यालयहरुलाई प्राथमिकता दिईशिक्षक दरबन्दी थप गर्दै जाने । बराबर सङ्ख्यामा शिक्षकथप गर्नुपर्ने

विद्यालयहरु एक भन्दा बढी भएमा र तत्कालत्यस्ता सबै विद्यालयमा शिक्षकहरु थप गर्न सम्भव नभएमा विद्यालयको कुल विद्यार्थी सङ्ख्या धेरै भएको विद्यालयलाई प्राथमिकता दिई क्रमशः शिक्षक दरबन्दी थप गर्दै जाने ।

ख. विद्यालयको शिक्षक दरबन्दी कटौतिमा परी कार्यरत शिक्षक सहित दरबन्दी स्थानान्तरण गर्नुपरेमा शिक्षकलाई यथासम्भव घरपायक हुने व्यवस्था मिलाउने ।

ग. शिक्षक सहित दरबन्दी स्थानान्तरण गर्नुपरेमा अपाङ्गता भएका शिक्षक वा महिला शिक्षकलाई पायक पर्ने स्थानमा मिलान गर्न प्राथमिकता दिने ।

घ. शिक्षकको स्थानान्तरण गर्दा सम्भव भएसम्म पति, पत्नीलाई एक आपसमा नजिकका विद्यालयहरुमा पर्ने गरी मिलान गर्न प्राथमिकता दिन सकिने ।

ङ. दरबन्दी कटौतिमा परेका विद्यालयहरुबाट अन्य विद्यालयमा शिक्षक स्थानान्तरण गर्ने प्रयोजनको लागि आवश्यक भएको खण्डमा स्थानान्तरण हुन चाहने शिक्षकहरुबाट अनुसूची-१ बमोजिमको ढाँचामा शिक्षा शाखामार्फत निवेदन माग गर्ने ।

निवेदन दिने शिक्षकहरुको सङ्ख्या स्थानान्तरण गर्नुपर्ने शिक्षक सङ्ख्या भन्दा बढी हुन आएमा प्राथमिकता दिनुपर्ने

शिक्षकहरुलाई प्राथमिकता दिई बाँकी शिक्षकहरुको हकमा नियुक्ति मितिको ज्येष्ठता, आवश्यकता र उपयुक्तता समेतको आधारमा स्थानान्तरण गर्ने ।

च. स्थानान्तरणको लागि शिक्षकहरुबाट स्वेच्छिक निवेदन प्राप्त नभएमा वा शिक्षक दरबन्दी कटौति हुने विद्यालयबाट दरबन्दी/शिक्षक स्थानान्तरण गर्दा देहायको प्राथमिकताको आधारमा शिक्षक दरबन्दी/शिक्षकहरुको स्थानान्तरण गर्ने:

अ. रिक्त राहत अनुदानको दरबन्दी

आ. रिक्त स्थायी दरबन्दी

इ. राहत, करार/अस्थायी शिक्षकलाई निजको नियुक्ति मितिलाई आधार मानी कनिष्ठताको आधारमा स्थानान्तरण गर्ने ।

ई. स्थायी शिक्षकलाई निजको नियुक्ति मितिलाई आधार मानी कनिष्ठताको आधारमा स्थानान्तरण गर्ने ।

उ. गाउँपालिका अनुदानको दरबन्दी ।

नियुक्ति मितिको आधारमा ज्येष्ठता वा कनिष्ठता नछुट्टीने भएमा क्रमशः तोकिएको तहको लागिन्यूनतम् शैक्षिक योग्यताको प्राप्ताङ्क बढी भएको र उमेरको हिसाबले ज्येष्ठ शिक्षकलाई प्राथमिकता दिने ।

दरबन्दी मिलानको क्रममा गाउँकार्यपालिकाले सम्बन्धित विद्यालय व्यवस्थापन समितिवा वडा शिक्षा समितिसँग आवश्यक समन्वय गरी कुनै शिक्षकलाई अन्य विद्यालयमा स्थानान्तरण गर्न वा काज खटाउन सक्नेछ ।

.छ. **विद्यालय कर्मचारीको व्यवस्थापनः** दुई वा दुई भन्दा बढी विद्यालयहरु एक आपसमा गाभिएमा गाभिने विद्यालयमा कार्यरत विद्यालय कर्मचारी/कर्मचारीहरुको दरबन्दी गाउँपालिकाको पुल दरबन्दीमा कायम गरी त्यस्ता कर्मचारीलाई आवश्यक देखिएको कुनै अर्को विद्यालयमा कामकाजमा खटाउन सकिनेछ । यसरी पुल दरबन्दी कायम भएका विद्यालय कर्मचारीहरु कुनै पनि कारणले सेवाबाट अलग भएमा वा अवकास भएमा त्यस्तो दरबन्दी स्वतः खारेज हुनेछ ।

यसरी पुल दरबन्दी कायम भएका विद्यालय कर्मचारीहरुलाई गाउँपालिकाभित्रको कुनै पनि सामुदायिक विद्यालयमा समान तहमा दरबन्दी रिक्त भएमा नियुक्ति मितिको ज्येष्ठताको आधारमा क्रमशः पदस्थापन गरिनेछ ।

## परिच्छेद-४

## विद्यालय गाभ्न, बन्द गर्न र तह वा कक्षा घटाउन सकिने

**६. (१) देहायको कुनै अवस्थामा दुई वा दुई भन्दा बढी विद्यालयहरुलाई एक आपसमा गाभी एउटा विद्यालय कायम गर्न, विद्यालय बन्द गर्न वा त्यस्तो विद्यालयको तह वा कक्षा घटाउन सकिनेछ :**

क. गाउँपालिकाको शिक्षा ऐनको अनुसूची-२ बमोजिमको पूर्वाधार कायम नरहेको

ख. विद्यार्थी सङ्ख्या देहाय बमोजिम रहेकोः-

- कक्षा १-३ सञ्चालित विद्यालयमा १५ जना भन्दा कम विद्यार्थी सङ्ख्या भएको
- कक्षा १-५ सञ्चालित विद्यालयमा २५ जना भन्दा कम विद्यार्थी सङ्ख्या भएको
- कक्षा ६-८ मा ३० जना भन्दा कम विद्यार्थी सङ्ख्या भएको
- कक्षा ९-१० मा २० जना भन्दा कम विद्यार्थी सङ्ख्या भएको

○ कक्षा ११-१२ मा २० जना भन्दा कम विद्यार्थी सङ्ख्या भएको

ग. विद्यालयहरु बीचको दुरी १ किलोमिटर भन्दा कम भएको

घ. विद्यालय पुग्ने पैदल दुरी ३० मिनेट भन्दा कम रहेको

ङ. साविकको विद्यालयको तह थप हुने गरी कक्षा थप अनुमति पाएको विद्यालयले दुई वर्षसम्म पनि अरु कक्षा थप नगरेको वा थप हुन नसकेको ।

च. एक आपसमा गाभिने विद्यालयका व्यवस्थापन समितिहरुले निर्णय गरी विद्यालय गाभ्न गाउँपालिकामा संयुक्त निवेदन दिएको

छ. विद्यालय रहेको वडा शिक्षा समितिले विद्यालयहरु एक आपसमा गाभ्न गाउँकार्यपालिका समक्ष सिफारिस गरी पठाएको

(२) उपदफा (१) बमोजिम एक आपसमा विद्यालयहरु गाभ्ने, बन्द गर्ने वा विद्यालयको तह वा कक्षा घटाउने निर्णय गाउँ शिक्षा समितिको सिफारिसमा गाउँकार्यपालिकाले गर्नेछ र विद्यालयहरु एक आपसमा गाभ्दा वा बन्द गर्दा गाभिने वा बन्द हुने

विद्यालयमा कार्यरत शिक्षक कर्मचारीहरु लगायत विद्यालयको चल अचल सम्पत्तीको व्यवस्थापन सम्बन्धमा समेत निर्णय गर्नुपर्नेछ ।

## परिच्छेद-५
## विविध

७. **दरबन्दी पुनर्वितरण गर्ने समयावधिः** (१) गाउँपालिकाले नयाँ शैक्षिक सत्र सुरु हुनु अगावै शिक्षक दरबन्दी मिलान कार्य सम्पन्न गरी नयाँ शैक्षिक सत्रको सुरुवातसँगै विद्यालयहरुमा शिक्षक व्यवस्थापन गर्नुपर्नेछ ।

८. **शिक्षक स्थानान्तरण भएको स्थानमा जानुपर्नेः** यस कार्यविधि बमोजिम स्थानान्तरण भएका शिक्षकहरुले तोकिएको समयभित्र स्थानान्तरण भएको विद्यालयमा अनिवार्य रुपमा हाजिर हुन जानुपर्नेछ । स्थानान्तरण हुने शिक्षकले आफ्नो जिम्मामा रहेको विद्यालयको नगदी वा जिन्सी तत्काल विद्यालयमा बुझाउनुपर्नेछ र कुनै खास जिम्मेवारी लिएको भए सो समेत हस्तान्तरण गर्नुपर्नेछ ।

**९. विद्यालयले हाजिर गराउनुपर्नेः** यस कार्यविधि बमोजिम स्थानान्तरण भई आएका शिक्षकहरुलाई विद्यालयले अनिवार्य रुपमा हाजिर गराइ काममा लगाउनुपर्नेछ ।

**१०. विद्यालयले रमाना दिनुपर्नेः** यस कार्यविधि बमोजिम स्थानान्तरण भई जाने शिक्षकलाई विद्यालयले नियमानुसार रमाना दिनुपर्नेछ ।

**११. समन्वय र सहजीकरण गर्नुपर्नेः** शिक्षक दरबन्दी मिलानको सन्दर्भमा आफ्नो विद्यालयबाट दरबन्दी कट्टा हुने अवस्था भएमा वा आफ्नो विद्यालयमा अन्य विद्यालयबाट शिक्षक स्थानान्तरण भई आएमा उक्त कार्यको लागि सम्बन्धित विद्यालय व्यवस्थापन समितिले समन्वय र सहजीकरण गर्नुपर्नेछ ।

**१२. सहयोग लिन सक्नेः** कार्यदल/गाउँपालिकाले शिक्षक दरबन्दी मिलानको सम्बन्धमा शिक्षा विकास तथा समन्वय इकाइ वा अन्य सम्बन्धित निकायसँग आवश्यक सहयोग लिन सक्नेछ ।

**१३. निर्णय गर्न सक्नेः** यस कार्यविधिको मर्म र भावनाको प्रतिकुल नहुने गरी कार्यदलले आवश्यकता अनुसार बैठक बसी

छलफल तथा निर्णय गर्न र कार्यान्वयनको लागि गाउँकार्यपालिका समक्ष सिफारिस गर्न सक्नेछ ।

१४. **समुदायमा आधारित बालविकास केन्द्र सम्बन्धमाः** कार्यदलले समुदायमा आधारित बालविकास केन्द्रको उचित व्यवस्थापन/स्थानान्तरण सम्बन्धमा गाउँकार्यपालिका समक्ष सिफारिस गरी पठाउन सक्नेछ र सोही आधारमा गाउँकार्यपालिकाले आवश्यक निर्णय लिन सक्नेछ ।

१५. **हेरफेर गर्न सकिनेः** अनुसूची-२ को कार्यदलका सदस्यहरु आवश्यकता अनुसार हेरफेर वा थपघट गर्न सकिनेछ ।

१६. **बाधा अड्काउ फुकाउन सक्नेः** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्चन आइपरेमा गाउँकार्यपालिकाको निर्णयले फुकाउन सकिनेछ ।

## अनुसूची-१
## दफा ५ को उपदफा (१) को (ङ) सँग सम्बन्धित

**श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू**
**केराबारी गाउँकार्यपालिकाको कार्यालय, मोरङ ।**

केराबारी गाउँकार्यपालिकाको कार्यालयको मिति ...................... सूचना अनुसार यस गाउँपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयहरुमा शिक्षक व्यवस्थापन/स्थानान्तरण गर्दा मलाई देहायको विद्यालयमा काम गर्ने इच्छा भएकोले प्रचलित नियम र सम्भावना समेतका आधारमा तपसिलका विद्यालयहरुमा प्राथमिकता क्रम कायम हुने गरी कामकाजमा खटाइदिनुहुन/स्थानान्तरण गरिदिनुहुन यो निवेदन पेश गरेको छु ।

- नाम थरः
- स्थायी ठेगानाः
- अस्थायी ठेगानाः
- सिटरोल नम्बरः
- सुरु नियुक्ति मितिः
- बढुवा नियुक्ति मितिः
- तह/श्रेणीः
- नियुक्ति भएको विषय/अध्यापनरत विषयः
- माथिल्लो शैक्षिक योग्यताको उपाधि, मूल विषय र प्राप्ताङ्कः

- हाल कार्यरत विद्यालयको नाम र ठेगानाः
- हाल कार्यरत विद्यालयमा सुरु हाजिर भएको मितिः

**स्थानान्तरण हुन चाहेको विद्यालय (प्राथमिकताको आधारमा)**

| क्र.सं. | विद्यालयको नाम | वडा नं. | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

निवेदकको नामः

सम्पर्क नम्बरः

हस्ताक्षरः

मितिः

## अनुसूची-२
## (शिक्षक दरबन्दी मिलान कार्यदलका सदस्यहरुको विवरण)

१. नारायणप्रसाद भूजेल-संयोजक, गाउँकार्यपालिका सदस्य एवम् प्रवक्ता

२. शरण थापा मगर-सदस्य, गाउँकार्यपालिका सदस्य एवम् सामाजिक विकास समिति संयोजक
३. प्रेमबहादुर लिम्बु-सदस्य, अध्यक्षबाट मनोनित कार्यपालिका सदस्य एवम् आर्थिक विकास समिति संयोजक
४. टेकबहादुर थपलिया- सदस्य, अध्यक्षबाट मनोनित विज्ञ एवम् खदम क्याम्पस प्रमुख
५. नारायण ढकाल-सदस्य,नेपाल शिक्षक संघ अध्यक्ष (गापा) एवम् कुवापानी आवि प्रधानाध्यापक
६. खड्गबहादुर कार्की-सदस्य,नेपाल राष्ट्रिय शिक्षक संगठन अध्यक्ष (गापा) एवम् निमाशिद्वि मच्छिन्द्र मावि
७. डब्लुविक्रम खाँड ठकुरी-सदस्य, एकिकृत अखिल नेपाल शिक्षक संगठन (गापा) एवम् प्राशितृ कल्याणकारी मावि
८. अर्जुन घिमिरे- सदस्य-सचिव, शिक्षा, युवा तथा खेदकुद शाखा प्रमुख

आज्ञाले,

सुवास श्रेष्ठ

प्रमुख प्रशासकीय अधिकृत